# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ०५ असार २२ गते, २०८० साल


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०८० सालको कार्यविधि नं. ५

# मादी गाउँपालिकाको अध्यक्षसँग एकल तथा विदुर पुरुष र संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

स्वीकृत मिति :२०८०/०३/२२

**प्रस्तावना-** प्रस्तावनाः मादी गाउँपालिकाको क्षेत्र भित्र रहेका संघीय सरकार, प्रदेश सरकारबाट सामाजिक सुरक्षा प्राप्त नगरेको एकल पुरुष जो विवाह नगरी बसेका, विवाह गरेता पनि श्रीमतीको मृत्यु, सम्बन्ध विच्छेद भएका ब्यक्ती र को संरक्षण र सामाजिक

मादी गाउँपालिका, कास्की

सुरक्षा प्रदान गरी उत्प्रेरीत जिवन जिउने वातावरण तय गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मादी गाउँपालिका गाउ कार्यपीलकाको बैठकले नेपालको संविधानको धारा, २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अन्तर्गत पारित मादी गाउँपालिका भित्रका एकल तथा विदुर पुरुष संरक्षण, ब्यबस्थापन र सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले अध्यक्षसँग एकल तथा विदुर पुरुष संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बनाएको छ ।

परिच्छेद—१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम मादी गाउँपालिकाको अध्यक्षसँग एकल तथा विदुर पुरुष र संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका ” मादी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) सामाजिक सुरक्षा” भन्नाले अविवाहीत एकल तथा विदुर पुरुष लाई प्रदान गरिने मासिक वा तोकीएको सुरक्षा भत्ता तथा जिन्सी लाई जनाउछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ

(ठ) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ड) "लक्षित वर्ग " भन्नाले गरिव, विपन्न, दलित, असहाय, वेसाहारा, न्युन आय रोजगार विहिन, एकल अशक्त अपाङ्ग प्रकृतिको पारीवारीक अवस्थामा रहेको अविवाहीत एकल पुरुष तथा विधुर पुरुष समेत जनाउछ ।

(ढ) "लक्षित वर्ग व्यक्ति" भन्नाले मादी गाउँपालिका भित्र स्थायी वा अस्थाई ठेगाना भई गाउँपालिका भित्र रही वसेका एकल पुरुष तथा विदुर पुरुष दुवैलाई जनाउछ ।

(ण) खर्च को मापदण्ड तथा नम्र्स भन्नाले" दफा ४ अन्तर्गत अनुसूची-१ मा भएको खर्च नम्सलाई जनाउछ ।

(त) जिम्मेवार शाखा भन्नाले :- कार्यक्रम प्रयोजन को लागी प्रमुख प्रशासकीय अधिकृत ले सो कार्य गर्ने गरी तोकेको कर्मचारी तथा शाखालाई जनाउछ ।

४. अध्यक्षसँग एकल तथा विधुर पुरुष संरक्षण कार्यक्रम : मादी गाउँपालिका भित्र वसोवास गर्ने ६० वर्ष पुरा भई ६८ वर्ष ननाघेका लक्षित एकल तथा विधुर पुरुष लाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता लाई जनाउछ, जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

४.१ सूचकमा आधारित भई एकल तथा विधुर पुरुषको पहिचान गर्ने ।

४.२ गाउँपालिकाको श्रोत र निजको ईच्छा अनुसार तोकीएको अवधिसम्म कार्यक्रममा सहभागी गराउने ।

४.३ सूचना प्रकाशन गरी दर्ता भएका निवेदन उपर छानविन गरी स्विकृत गर्ने ।

४.४. निजको इच्छा अनुसार नजिकको वैंकमा खाता खोल्ने ।

४.५. आर्थिक वर्ष शुरुको श्रावण देखि आषाढ सम्म १ वर्ष को अवधि मानि मासिक अधिक्तम १०००।०० का दरले एकमुष्ठ वैंक खातामा रकम निकाशा दिने तर अवधि गणना गर्दा उमेरहद पुगेको र ननाघेको दुवै आधारमा मात्र गणना गरीने छ ।

४.६. निकाशा तथा लाभ को विवरण सहित शाखा ले प्रगती प्रतिवेदन तयार गर्ने ।

४.७. लाभग्राहीको अभिलेख ढङ्गा ब्यबस्थापन गर्ने ।

४.८. लक्षित वर्गको विवरण वार्षिक रुपमा थपघट सहित अध्यावधिक गर्ने ।

४.९.लक्षित वर्गले नगद नलिने आफूलाई विभिन्न जिन्सीजन्य सामाग्री, औषधि, स्वास्थ्य जन्य सामाग्री कपडा आदी आवश्यक परेको भनि निवेदन गरेमा सो मुल्य वरावर को जिन्सी सामाग्री उपलब्ध गराउने ।

४.१०.शाखागत ब्यबस्थापन, अभिलेख संकलन आदी को न्युनतम प्रसासनिक खर्च गर्ने ।

५. लक्षित वर्गको दायित्व : एकल तथा विधुर पुरुष को निम्न दायीत्व लाई जनाउछ ।:

५.१. आफु दफा ३ को ङ र ढ बमोजिम लक्षित वर्गमा पर्ने गरी आफ्नो सत्यतथ्य विवरण स्व घोषणा गरी नागरिक्ता, परिचयपत्र, वडा को सिफारीस सहित निवेदन पेश गर्ने ।

५.२. तोकीएको वैंकमा वैंक खाता खोल्ने ।

५.३ वार्षिक नविकरण गर्ने , कुनै कारणले सुविधा नलिने तथा वसाईसरेमा, मृत्यु भएमा गाउँपालिकामा निज आफै वा परिवार को सदस्य मार्फत जानकारी गराउने ।

५.४ यस कार्यविधि सहित उपादक्ष्य सग लक्षित कार्यक्रम कार्यविधि २०७८ र विभिन्न कानूनको पालना गर्ने ।

माछी गाउँपालिका, कास्की

५.५ झुठ्ठा तथा गलत विवरण तयार गरी दोहोरो सुविधा नलिने ।

५.६ गाउँपालिकाले गरेको निर्देशन पालना गर्ने ।

**६ लाभग्राही पहिचान तर्फ :-**

१ लक्षित वर्गलाई कार्यक्रम मा सहभागी गराउने गरी कार्यलय ले १५ दिने सूचना प्रकाशन गरी निवेदन संकलन गर्ने ।

२, राज्यबाट कुनै दोहोरो सुविधा नलिएको एकीन गर्ने ।

३, स्वीकृत नामावली प्रकाशन गर्ने ।

७, लाभग्राही छनौट समिति तर्फ

लक्षित वर्ग लाभग्राही छनौट गर्न को लागी गाउँपालिका अध्यक्ष को संयोजकत्व मा प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख, महिला विकाश शाखा प्रमुख र आ.ले.प. सहित को ५ जना को समिति रहने छ । सो समिति ले प्राप्त भएका आवेदन वाट विभिन्न आधार र मापदण्ड समेत का आधारमा लाभग्राही छनौट गर्नु पर्ने छ ।

८, भुक्तानी प्रकृर्या :- दफा ४.५ र ४.९ र अनुसूची १ अनुसार बैंकखाता वा जिन्सी को हकमा सोझै वितरण हुने

९ अनुगमन समिति :-यो कार्यक्रम प्रभावकारीता को अनुगमन गाउँपालिका को अनुगमन समिति ले गर्ने छ ।

१०. कार्यविधि लागु : (१) यो कार्यविधि, २०८० श्रावण देखि लागु हुनेछ तर कार्यक्रम अवधि २०८० श्रावण वाट नै कायम हुनेछ ।

११. कार्यविधिमा परिमार्जन तथा शंशोधन : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

१२ खारेजी : यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानून र संघीय कानून र अन्य कुनै कानून वा स्वास्थ्य कार्यक्रम सग प्रत्यक्ष दोहोरो हुने गरी वाझीयमा वा दोहोरो परेमा वाझीयको हद सम्म अमान्य हुनेछ ।

माद्री गाउँपालिका, कास्की

अनुसूची १

(नियम ४ को ४.१ देखी ४.१० सम्म को लागी)

कार्यक्रमको बजेट तथा कार्यक्रम खर्चको ढाचा

गाउँपालिका ले कार्यक्रम को लागी विनियोजन गरेको वजेटवाट तपशिल का क्रियाकलापमा माग र आवश्यकता अनुसार देहाएको तालिकामा उल्लेखीत  कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

| सि.नं. | क्रियाकलापहरु | दर | रकम रु. |
|---|---|---|---|
| १ | एकल तथा विद्युर मासिक भत्ता | मासिक रु.१००० | आवश्यकता अनुसार |
| २ | एकल तथा विद्युरलाई जिन्सी सामान हस्तान्तरण | रु. १२००० को हुने गरी | आवश्यकता अनुसार |
| ३ | मसलन्द तथा प्रशासनिक खर्च | रु. २००००/- | आवश्यकता अनुसार |
| | जम्मा खर्च | | विनियोजन अनुसार |

अनुसूची — २

(दफा ३ को ड, ढ तथा दफा ४ र ५ सँग सम्बन्धित)

उपाध्यक्ष सग एकल तथा विदुर र ग, घ वर्गका महिला पुरुष अपाङ्ग संरक्षण कार्यक्रम सञ्चालनको लागि निवेदन आह्वान **सम्बन्धी सूचनाको ढाँचा**

मादी गाउँपालिका उपाध्यक्षसँग एकल तथा विदुर र ग, घ वर्गका महिला पुरुष अपाङ्ग लक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०.../.../...**

यस कार्यालयको आ.व.२०.../०.... को वार्षिक स्विकृत कार्यक्रम अनुसार मादी गाउँपालिका भित्र स्थाई रुपमा वसोवास गर्ने ६० वर्ष पुरा भई ७० वर्ष ननाघेका लक्षित एकल तथा विदुर पुरुष तथा ४५ वर्ष पुरा भई ६० वर्ष ननाघेका लक्षित दलित एकल तथा विदुर पुरुष साथै (ग) र (घ) वर्ग को परिचय पत्र प्राप्त महिला पुरुष अपाङ्ग ब्यक्ति लाई कार्यविधि मा भएको ब्यबस्था अनुसार आन्तरिक आय तर्फ को स्विकृत वजेट वाट मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरी व्यक्तिगत रुपमा ( दफा ३ को ड र ढ तथा दफा ४ र ६ को परिधि भित्र रही)

निवेदन पेश गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा गाउँपालिका को महिला विकाश शाखा मा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचीत गरिन्छ ।

१. रीतपूर्वकको आवेदन

२. अपाङ्ग परिचयपत्र को प्रतिलिपि

३. नेपाली नागरिकताको प्रतिलिपि

४. अन्य पुस्टयाईका कागजातहरु (मृत्युदर्ता, सम्बन्ध विच्छेद,गरिव विपन्न परिचयपत्र तथा काजगात, जन्मदर्ता, वडाको सिफारिस, दोहोरो सुविधा नलिएको आधार आदि) को प्रतिलिपिहरु

५. कार्यविधि गाउँपालिकाको वेवसाईट : मा हेर्न सकिनेछ

६. थप जानकारीका लागि सम्पर्क : ०६१५०६४०४

नोट : यस सूचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकको निर्णय बमोजिम हुनेछ ।

**आज्ञाले**

**नारायण प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

माद्री गाउँपालिका, कास्की